श्री
सिन्धुपालचोक जिल्ला अदालत
चौतारा, सिन्धुपाल्चोक।

कृपया पत्र व्यवहार गर्दा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नु होला ।

पत्र संख्या :- ०७७/०७८
चलानी नं. :- ८६

Email-info.dcsindhupalchowk@supremecourt.gov.np
☎०११-६२०१०१

प्रकाशित मितिः- २०७७/०४/०८

# सूचना ! सूचना !! सूचना !!!

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारणले देश २०७६/१२/११ गते देखि नै लकडाउनमा रहेकोमा बन्दाबन्दी खुलेको मितिसम्मको अवधीलाई न्यायिक कामकारवाहीको प्रयोजनको लागि शुन्य अवधि मानी सो अवधिमा हदम्याद, म्याद र तारेख लगायतको गणना नगर्ने, बन्दाबन्दी खुलेको मितिले बाटाको म्याद बाहेक ३० दिन भित्र उपस्थित भएमा हदम्याद, म्याद वा तारेख नगुज्रने गरी सर्वोच्च अदालत वृहत पुर्ण इजलाशबाट मिति २०७७/०२/१५ मा आदेश भएकोमा नेपाल सरकारको मिति २०७६/१२/०९ को निर्णयले मिति २०७६/१२/११ गते देखि लागु भएको वन्दावन्दी सम्बन्धी व्यवस्थाको मिति २०७७/०४/०६ गतेको मध्यरातपछि अन्त्य गर्ने गरी मन्त्री परिषद्बाट मिति २०७७/०४/०५ गते निर्णय भएको सन्दर्भमा यस अदालतबाट मिति २०७७/०४/११ गतेदेखि नै लागु हुने गरि निम्नानुसारको सेवाहरु नियमित गरिएको व्यहोरा यसै सूचनाद्वारा सवै सरोकारवाला तथा सेवाग्राहीहरुलाई जानकारी गराईन्छ ।

१. नेपाल सरकारको मिति २०७७/०३/२३ को निर्णयको आधारमा जिल्लाभित्र मात्र यात्रु बाहक सार्वजनिक यातायात मिति २०७७/०४/०८ बाट सञ्चालनमा आएको सन्दर्भमा यस जिल्ला अदालतमा हदम्याद, म्याद, तारेखमा उपस्थित हुनुपर्ने अवस्थाका यसै जिल्ला भित्र रहनु भएका सेवाग्राहीहरु मिति २०७७/०४/०८ देखि बाटाको म्याद बाहेक ३० दिनभित्र उपस्थित हुनु होला ।
२. नेपाल सरकारको मिति २०७७/०४/०५ को निर्णयको आधारमा लामो वा छोटो दुरीका निजि तथा सार्वजनिक यात्रु बाहक सवारी साधन एक जिल्लाबाट अर्को जिल्लामा मिति २०७७/०५/०१ गतेदेखि सञ्चालन हुने सन्दर्भमा अन्य जिल्लाबाट यस अदातलतमा हदम्याद, म्याद र तारेखमा उपस्थित हुनुपर्ने अवस्थाका सेवाग्राहीहरु मिति २०७७/०५/०१ गतेदेखि बाटाको म्यादबाहेक ३० दिनभित्र उपस्थित हुनुहोला ।
३. फिरादपत्र, प्रतिउत्तरपत्र, निषेधाज्ञा लगायतका निवेदन दर्ता, तथा फैसला कार्यान्वयन सम्बन्धीत हुने काम कारवाही समेत मिति २०७७/०४/०८ बाट सुचारु गरिएको छ ।
४. नाप नक्सा, सर्जमिन एवं फैसला कार्यान्वयनका लागि पक्षहरु उपस्थित भइ आएमा तारेख मिलानपछि मात्र मिति तय गरी काम कारवाही अगाडी बढाइने छ ।

सिन्धुपाल्चोक जिल्ला अदालत
चौतारा, सिन्धुपाल्चोक।

कृपया पत्र व्यवहार गर्दा
प्राप्त पत्र संख्या र मिति
उल्लेख गर्नु होला ।

पत्र संख्या :- ०७७/०७८
चलानी नं. :-

Email-info.dcsindhupalchowk@supremecourt.gov.np
☎०११-६२०१०१

५. कोभिड १९ को संक्रमण जोखिम यथावतै रहेको हुँदा भौतिक दुरी कायम गरी सेवा प्रवाहलाई व्यवस्थित गर्न पक्षहरुलाई प्रवेश गर्न टोकन प्रणाली लागु गरिने छ । सेवा प्रवाह र स्वास्थ्य सुरक्षा व्यवस्थापनमा अदालतले दिएको निर्देशन पालना गरी सहयोग पुऱ्याउनु पर्नेछ ।

६. सेवाग्राहीको चापलाई मध्यनजर गरी कार्यालय समय बाहेक अतिरिक्त (बिहान/बेलुका) थप १/१ घण्टा कर्मचारीहरुबाट सेवा प्रवाह गरिने व्यवस्था गरिने छ ।

७. यस अदालतमा सेवा लिन आउने सेवाग्राहीहरुले अनिवार्य रुपमा मास्कको प्रयोग गरेर मात्र अदालत प्रवेश गर्नुपर्नेछ । प्रवेशद्वारमा ज्वरो मापन गराउने, हात धुने र सेनिटाइजर समेत प्रयोग गरी सुरक्षाको सावधानी अपनाउनु पर्नेछ ।

८. सम्बन्धीत सेवाग्राहीहरु मात्र अदालत परिसर भित्र प्रवेश गर्न दिईने तथा परिसरभित्र भौतिक दुरी कायम गर्ने, टोकन प्रणाली अनुसार झ्याल बाटै सेवा लिई आफ्नो सेवा सम्पन्न भएपछि सेवाग्राही तत्काल अदालत परिसरबाट बाहिरिनु पर्नेछ, अदालत परिसर भित्र भिडभाड गर्न नहुने, जथाभावी फोहोर गर्ने, प्रवेश गर्ने, थुक्ने लगायतका कार्य नगरिदिनु हुन समेत अनुरोध छ ।

.............................
(ज्ञान बहादुर खत्री)
श्रेस्तेदार